(ज) "निवेदन फाराम" भन्नाले भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले आफ्नो विवरणसहित निवेदन दिने अनुसूची-३ र अनुसूची-४ बमोजिमको ढाँचाको फाराम सम्झनु पर्छ।

(झ) "भूमिहीन दलित" भन्नाले राष्ट्रिय दलित आयोगद्वारा दलित भनी सूचीकृत जातिका भूमिहीन सुकुम्बासी भन्ने सम्झनुपर्छ।

(ञ) "भूमिहीन सुकुम्बासी" भन्नाले ऐनको दफा ५२ (ख) को स्पष्टीकरण खण्डमा उल्लेख भएबमोजिम नेपाल राज्यभित्र आफ्नो वा आफ्नो परिवारको स्वामित्वमा जग्गा जमीन नभएको र आफ्नो वा आफ्नो परिवारको आय आर्जन, स्रोत वा प्रयासबाट जग्गाको प्रबन्ध गर्न असमर्थ व्यक्ति सम्झनु पर्छ र सो शब्दले निजप्रति आश्रित परिवारका सदस्य समेतलाई जनाउनेछ।

(ट) "स्थानीयतह"भन्नालेगाउँपालिका,नगरपालिका,उपमहानगरपालिका र महानगरपालिका सम्झनुपर्छ।

<u>स्पष्टीकरण</u>: यस कार्यविधिको प्रयोजनका लागि मात्रै "स्थानीय तह" भन्नाले नेपालको संविधानको धारा ३०६ को खण्ड (ढ) मा प्रयुक्त भएको जिल्ला सभा राखिएको छैन।

(ठ) "सेवा केन्द्र" भन्नाले दफा ५ को उपदफा (१) बमोजिमको भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको विवरण तथा तथ्याङ्क संकलन लगायतका कार्य गर्न स्थानीय तहमा रहने "भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासी सेवा केन्द्र" सम्झनुपर्छ।

३. **आयोग र स्थानीय तह बिच समझदारी:** आयोगले राष्ट्रिय भूमि आयोग गठन आदेश, २०७८ र अन्य प्रचलित कानूनमा भएका व्यवस्थाअनुरूप भूमिहीन दलित, भूमिहीन सुकुम्बासीलाई जग्गा वितरण र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने कार्यलाई समन्वयात्मकरूपमा प्रभावकारी ढंगले सम्पन्न गर्न स्थानीय तहसँग अनुसूची –१ बमोजिमको कार्य सहमति पत्रमा हस्ताक्षर गरी कार्य प्रारम्भ गर्नु पर्नेछ।

४. **सहजीकरण समिति:** (१) भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको पहिचान, लगत संकलन, प्रमाणीकरण तथा नाप नक्सा गर्ने कार्यमा सहयोग र सहजीकरण गर्न स्थानीय तहमा देहायबमोजिमको स्थानीय तह स्तरीय



भूमिहीन तथा अव्यवस्थित बसोबासी व्यवस्थापन सहजीकरण समिति गठन गर्नु पर्नेछ।

(क) स्थानीय तहको प्रमुख वा अध्यक्ष - संयोजक

(ख) स्थानीय तहका उपप्रमुख वा उपाध्यक्ष - उपसंयोजक

(ग) सम्बन्धित स्थानीय तहमा क्रियाशील रहेका राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलले खटाएको एक/एक जना प्रतिनिधि - सदस्य

(घ) कार्यपालिकाका सदस्यहरूमध्येबाट एक दलित/अल्पसंख्यक र एक महिला गरी दुई जना - सदस्य

(ङ) स्थानीय तहमा क्रियाशील किसान, सुकुम्बासी, भूमि, बसोबास लगायतका क्षेत्रमा काम गरिरहेका संघ, संगठन वा नागरिक समाजबाट नदोहोरिने गरी सहजीकरण समितिले मनोनयन गरेका प्रतिनिधि (कम्तीमा एक महिला र एक दलित सहित ३ जना) - सदस्य

(च) प्रमुख प्रशासकीय अधिकृत - सदस्य सचिव

(२) स्थलगत रूपमा तथ्याङ्क संकलन तथा नाप नक्साको काममा सहजीकरण गर्न तथा वडा समितिलाई आवश्यक सहयोग पुर्‍याउन देहायबमोजिमको वडास्तरीय भूमिहीन र अव्यवस्थित बसोबासी व्यवस्थापन सहजीकरण समिति गठन गर्नु पर्नेछ।

(क) वडा अध्यक्ष – अध्यक्ष

(ख) वडा सदस्यहरू –सदस्य

(ग) सम्बन्धित वडामा क्रियाशील रहेका राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलले खटाएको एक/एक जना प्रतिनिधि - सदस्य

(घ) सम्बन्धित वडामा क्रियाशील किसान, सुकुम्बासी, भूमि, बसोबास लगायतका क्षेत्रमा काम गरिरहेका संघ, संगठन वा नागरिक समाजबाट नदोहोरिने गरी वडास्तरीय सहजीकरण समितिले मनोनयन गरेका प्रतिनिधि (कम्तीमा एक महिला र एक दलित/अल्पसंख्यक सहित ३ जना) - सदस्य

(ङ) वडा सचिव –सदस्य सचिव

(३) उपदफा (१) र (२ ) बमोजिमका समितिको बैठकमा आवश्यकताअनुसार दफा ५ को उपदफा (१) बमोजिमको सेवा केन्द्रका कर्मचारी र सम्बन्धित क्षेत्रका विज्ञहरूलाई आमन्त्रण गर्न सक्नेछ।

(४) उपदफा (१) र (२) बमोजिमको समितिले देहाय बमोजिमको कार्य गर्नेछः-